# श्री काठमाडौं जिल्ला अदालत

फोननं४४२२३९३२

बबरमहल काठमाण्डौ

जिन्सि शाखा(जिन्सि नं.१२२७६)

दशिको औषधिहरू लिलामको सुचना

मिति:-२०७८/०५/१८

सुचना प्रकाशन मिति २०७८/०५/१८

यसमा औषधि व्यवस्था बिभागको पत्रले वादी नेपाल सरकार प्रतिवादी लक्ष्मि अर्याल भएको ०७८-C2-००२१ नं.को विना दर्ता औषधि पसल तथा अनुचित प्रयोग एवं दुरुपयोग मुद्दामा दशिको रूपमा पेशहुन आइ जिन्सि नं.१२२७६ मा आम्दानि बाँधिएको बिभिन्न कम्पनिका औषधिहरूको मुल्यांकन सुचिमा उल्लेखित न्युमतम् मुल्य रू.६७,८१३।९३/-(सतसठ्ठिहजार आठसय तेह्र रूपैंया त्रियानव्वे पैसा) कायम गरि जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) बमोजिमका निकायहरूमा एवं सम्मानित सर्वोच्च अदालत र यस अदालतको वेभसाईटमा सुचना प्रकाशित गरि शिलवन्दि बोलपत्रद्धारा लिलाम बिक्रि गर्ने गरि मिती २०७८/०५/१३ मा भएको निर्णय बमोजिम ईच्छुक व्यक्ति,संस्था वा फर्महरूबाट देहाय बमोजिमको सर्तहरूको अधिनमा रही लिलाम बिक्रि गरिने व्यहोरा सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१.शिलवन्दि वोलपत्रद्धारा लिलामबिक्रि गरिने मिती समय र स्थानः-२०७८/०६/०५ गते दिउसो १.०० बजे देखि ३.०० बजेसम्म यस अदालतको जिन्सि शाखा।

२. शिलबन्दि वोलपत्रमा सहभागि हुने व्यक्ति,संस्था वा फर्म प्रचलित कानुन बमोजिम औषधि बिक्रि बितरण गर्न योग्य हुनुपर्नेछ र त्यस्तो पक्षले मिती २०७८/०६/०४ गते सम्म शिलबन्दि वोलपत्र फारम दस्तुर रू.१,०००/- तिरी शिलबन्दि वोलपत्र फारम लिईसक्नु पर्नेछ ।

३. मिती २०७८/०६/०५ गते १२.०० बजेसम्म प्रचलित कानुन बमोजिम औषधि बिक्रि बितरण गर्ने दर्तावाला व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि सहित र संस्था वा फर्मको हकमा संस्थाको करचुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखि व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको आधिकारिक व्यक्तिबाट शिलवन्दि वोलपत्रमा सहभागि हुन निवेदन दर्ता गर्नु पर्नेछ ।

४. त्यसरी निवेदन दर्ता गराउने व्यक्ति, संस्था वा फर्मले मिती २०७८/०६/०५ गते १ बजेदेखि ३ बजेसम्म सम्पन्न हुने शिलवन्दिबाट हुने लिलाममा स्वयं उपस्थीत हुनुपर्नेछ ।निवेदन दर्ता गराई सो मिती समयमा उपस्थित नहुने व्यक्ति,संस्था वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्म निवेदन दर्ता नगराउनेलाई बोलपत्रमा सहभागि गराईने छैन ।उक्त दिन कुनै बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने पहिलो दिन सोहि मिती समयमा सोहि प्रकृयाद्धारा लिलाममा चढेका औषधिहरू लिलाम बिक्रि गरिनेछ ।.

५. वोलपत्रमा सहभागि हुन निवेदन दर्ता गराई निर्धारित समयमा उपस्थित व्यक्ति,संस्थाहरूको तर्फबाट प्रतिनिधित्व गर्ने पक्षहरूको रोहवरमा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति फर्म वा संस्थालाई उक्त सम्पुर्ण औषधिहरू लिन मन्जुर गर्ने पक्षलाई एकमुष्ट रूपमा लिलाम बिक्रि गरिनेछ

६. वोलपत्रमा उपस्थित पक्षले आफुले कवुल गरेको रकमको १० प्रतिशतले हुने रकम सोहि दिन यस अदालतको लेखा शाखामा नगदै धरौट राख्नु पर्नेछ ।वोलपत्रमा सवभन्दा बढि अंक कवुल गर्ने व्यक्ति,संस्था वा फर्मको बाहेक अन्यको धरौटि नियमानुसार सिघ्र फिर्ता गरिनेछ ।

७.वोलपत्रमा सवभन्दा बढि अंक कवुल गर्ने व्यक्ति फर्म वा संस्थाले ७ दिनभित्र आफुले कबुल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिवृद्धिकर र बाँकी रकम समेत यस अदालतको लेखा शाखामा बुझाई सो बुझाएको ५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ ।साथै मनासिव माफिकको कारण परेमा बाहेक तोकिएको ७ दिन भित्र मुल्य अभिबृद्धि कर र बाँकि रुपैंया नबुझाएमा वोलपत्रको समयमा पेश भएको १० प्रतिशत रकम जफत हुनेछ

८. लिलाममा चढेको सम्पुर्ण औषधिहरूको लाग्ने रकम एकमुष्ट कवुल गर्नु पर्नेछ ।वोलपत्रमा उल्लेखित रकम अंक अक्षरमा स्पष्ट लेखिनु पर्दछ ।अंक र अक्षरमा फरक पर्न गएमा सामान्यतया अक्षरमा लेखिएकोलाई मानिनेछ ।

९. लिलाम गरिने सामानहरू हेर्न चाहेमा यस अदालतको जिन्सि शाखामा सम्पर्क राखि कार्यालय समयमा हेर्न सकिनेछ ।

१०. एउटाको नाममा दर्ता हुन आएको निवेदनपत्र अन्यले प्रयोग गर्न पाउने छैन ।निवेदनपत्र दर्ता गराईसकेपछि फिर्ता लिन पाईने छैन ।

११. अन्य कुराहरू सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ । लिलाम हुने सम्पुर्ण औषधिहरूको न्युनतम् एकमुष्ट मुल्य रू. ६७,८१३।९३/- (सतसठ्ठिहजार आठसय तेह्र रूपैंया त्रियानव्वे पैसा) रहेको छ ।